कृष्णभिरमा 'सर्फेस ड्रेनेज' निर्माण

# असोज १ देखि राजमार्ग पूर्ण सञ्चालनमा आउने



तस्बिर : वसन्त पराजुली

**पृथ्वी राजमार्गको कृष्णभिरमा सवारीसाधन पूर्ण रूपमा सञ्चालनका लागि सडक ग्रेडिङ र रोलिङ गरिँदै ।**

**वसन्त पराजुली**
*मुग्लिङ, भदौ २९ गते*

पहाडी राजमार्गमा पानीको निकास नहुनु पहिरोको दृष्टिले अति जोखिम मानिन्छ। यही जोखिम नियन्त्रण गर्ने उदेश्यले पृथ्वी राजमार्गको कृष्णभिरमा राजमार्गसँगै 'सर्फेस ड्रेनेज' (सतही पानी निकास प्रणाली) निर्माण गरिएको छ।

कृष्णभिरबाट निस्कने पानीले राजमार्गलाई असर नगरोस् भन्ने उद्देश्यले 'सर्फेस ड्रेनेज' निर्माण गरिएको हो। यससँगै त्यहाँ जम्मा हुने पानी नालीमार्फत निकास हुने छ। आइतबार सवारीसाधन सञ्चालन गरी परीक्षण गरिएको र बिहीबारबाट पूर्ण रूपमा यातायात सञ्चालन गर्ने तयारी भइरहेका बेला कृष्णभिरमा ड्रेनेज निर्माण गरिएको पृथ्वी राजमार्ग नौबिसे–मुग्लिङ आयोजना पश्चिम कार्यालयका इन्जिनियर धिरण ढकालले जानकारी दिनुभयो।

"अहिले उच्च घनत्वको पोलिथिनबाट बनेको पाइप जडान गरेर 'सर्फेस ड्रेनेज' बनाएका छौँ। यसको उद्देश्य नै पानी निकास गर्नु हो," उहाँले भन्नुभयो। "कृष्णभिरमा २५२ मिटर लामो पाइप बिच्छाइएर 'सर्फेस ड्रेनेज' बनाइएको छ," उहाँले बताउनुभयो। "पहिरो क्षेत्रमा जम्मा भएको पानीलाई पाइपबाट हामीले कलभर्टसम्म लगेका छौँ। कलभर्टबाट राजमार्गको तल्लो भाग हुँदै त्रिशूलीमा कटाइएको छ," उहाँले भन्नुभयो। ड्रेनेजसँगै राजमार्गमा स्तरवृद्धिको काम पनि भइरहेको छ।

"राजमार्गको यात्रा थप सहज बनाउन ग्राभेल गर्दै रोलिङ लगाएर बाटोसम्म बनाउने काम नियमित भइरहेको छ। जसले राजमार्गलाई थप मजबुत बनाउँछ," उहाँले भन्नुभयो। सडक विभागले एक विज्ञप्ति जारी गर्दै राजमार्ग बिहीबारबाट पूर्ण रूपमा सञ्चालनमा ल्याइने भएको छ। जमिन नै भासिएपछि भदौ १४ गतेदेखि अवरुद्ध रहेको सो राजमार्गलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइने भएको हो। सडक पुनर्स्थापनाको काम अन्तिम चरणमा पुगेकाले राजमार्गलाई पूर्ण रूपमा सञ्चालन गर्न लागिएको विभागले जनाएको छ। "सडक विभागले आवश्यक स्रोत, साधन, जनशक्ति तथा उपकरण परिचालन गरी नयाँ ट्र्याक निर्माण गरी सडक पुनर्स्थापनाको काम अघि बढाएकाले राजमार्ग सञ्चालनको अवस्थामा पुगेको हो," विभागको विज्ञप्तिमा भनिएको छ, "निर्माणाधीन ट्र्याकको अवस्था र सवारी आवागमनको सम्भाव्यता परीक्षण गरिसकिएकाले असोज १ गतेबाट पूर्ण रूपमा सञ्चालनमा ल्याइने छ।"

# बालबालिकामा बाथ मुटुरोग समस्या गम्भीर बन्दै

**सरोज ढुङ्गेल**
*काठमाडौँ, भदौ २९ गते*

बालबालिकामा घाँटीको सङ्क्रमणपछि देखिने बाथ मुटुरोगको रोकथामका लागि सरकारले प्रारम्भिक पहिचान र नियमित उपचारमा जोड दिन थालेको छ। रोग लागिसकेपछि उपचारमा करोडौँ रुपियाँ खर्च भइरहेकाले सरकारले रोकथामलाई प्राथमिकतामा राख्न थालेको हो। वरिष्ठ मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मीले पटक पटक घाँटी दुख्ने, टन्सिल बढ्ने वा पाक्ने समस्या भएका बालबालिकाको समयमै उपचार हुन नसके बाथ ज्वरो हुँदै मुटुको भल्बमा क्षति पुग्न सक्ने जानकारी दिनुभयो। उहाँले बाथ ज्वरो भएका बालबालिकामध्ये करिब ५० प्रतिशतमा बाथ मुटुरोग हुने जोखिम रहेको जानकारी गराउनुभयो। नेपालमा बाथ मुटुरोगका कारण बर्सेनि करिब एक हजार बालबालिकाको मृत्यु हुने गरेको छ।

बाथ मुटुरोग लागिसकेपछि मुटुको भल्ब फेर्नुपर्ने अवस्थामा नेपाल सरकारले बर्सेनि करिब ६० देखि ७० करोड रुपियाँ खर्च गर्दै आएको छ। उपचारमा ठुलो रकम खर्च भइरहेको भए पनि रोगको मूल कारण रोक्न विद्यालय तथा समुदायस्तरमा पर्याप्त कार्यक्रम हुन नसकेको उहाँको भनाइ छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटाले बाथ मुटुरोगलाई उपचारमा मात्र सीमित नराखी जनचेतना बढाउनुपर्नेमा जोड दिनुभयो। बाथ मुटुरोगको उपचार मात्र नभई प्रारम्भिक पहिचान, रोकथाम र नियमित उपचारलाई स्वास्थ्य सेवाको नियमित प्रणालीसँग जोडेर अघि बढाउनुपर्ने बताउनुभयो। बालबालिकामा रोगको जोखिम समयमै पहिचान गरी उपचारमा ल्याउन सके जटिल अवस्था नआउने उहाँको भनाइ छ। सरकारले बाथ मुटुरोग नियन्त्रणका लागि राष्ट्रियस्तरको मापदण्ड तयार गर्ने प्रक्रिया अघि बढाएको छ। विज्ञ तथा सरोकारवालासँगको छलफलबाट बाथ, ज्वरो तथा बाथ मुटुरोगको पहिचान, उपचार र रोकथामलाई व्यवस्थित बनाउने तयारी भइरहेको छ। बाथ मुटुरोगबाट जोगाउन रोग पहिचान भएका बालबालिकालाई नियमित पेनिसिलिन उपलब्ध गराउनु महत्त्वपूर्ण मानिन्छ। नेपाल सरकारको निःशुल्क आधारभूत औषधीको सूचीमा पेनिसिलिन सुई समावेश भए पनि मुखबाट खाने पेनिसिलिनसमेत समावेश गर्नुपर्ने डा. रेग्मीको सुझाव छ। उहाँले रोग पहिचान भएका बालबालिकाको छुट्टै अभिलेख तयार गरी स्थानीय स्वास्थ्य संस्था तथा आधारभूत अस्पतालमार्फत नियमित औषधी उपलब्ध गराउन सुझाव दिनुभयो। यसबाट उपचारको निरन्तरता कायम हुनुकासाथै रोग पुनः बल्झिने जोखिम घटाउन पनि सकिन्छ।

डा. रेग्मीले विभिन्न सङ्घ संस्था तथा स्थानीय तहसँगको सहकार्यमा विभिन्न जिल्लाका विद्यालयमा बालबालिकाको मुटु परीक्षण गर्दै आएको जानकारी दिनुभयो। उहाँले परीक्षणका क्रममा रोग पहिचान भएका बालबालिकालाई थप परीक्षण र उपचारका लागि काठमाडौँ ल्याउने तथा उपचारपछि घर फर्काउने कार्यसमेत हुँदै आएको बताउनुभयो।

डा. रेग्मीले बाथ मुटुरोग रोकथामको सबैभन्दा प्रभावकारी उपाय बालबालिकामा घाँटीको सङ्क्रमणको समयमै उपचार गर्न सुझाव दिनुभयो। पटक पटक घाँटी दुख्ने वा टन्सिल हुने बालबालिकालाई स्वास्थ्य संस्थामा पुऱ्याउने, बाथ ज्वरो पहिचान भएका बालबालिकालाई नियमित औषधी दिने तथा विद्यालयस्तरमै परीक्षण विस्तार गर्न सके बाथ मुटुरोगबाट हुने मृत्यु र उपचारमा लाग्ने राज्यको ठुलो खर्च घटाउन सकिने उहाँको भनाइ छ।

बाथ मुटुरोग लागिसकेपछि उपचारमा राज्यले ठुलो रकम र स्रोतसाधन खर्च गर्नुपरे पनि यसको रोकथाममा पर्याप्त ध्यान पुग्न सकेको छैन। डा. रेग्मीले बाथ मुटुरोगको रोकथाम थोरै खर्चमा गर्न सकिने भए पनि यसको परिणाम देखिन ५–१० वर्ष लाग्ने बताउनुभयो। बाल तथा मातृ मृत्युदर घटाउन सरकारले बाथ मुटुरोग रोकथाम कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ छ।

## बढ्दै मुटुरोग समस्या

**बनेपा समाचारदाता**
*बनेपा, भदौ २९ गते*

अस्वस्थकर खानपान, धूमपान, मद्यपान र शारीरिक व्यायामको कमीका कारण पछिल्लो समय हृदयाघातका बिरामी बढ्दै गएको चिकित्सकले बताएका छन्। धुलिखेल अस्पतालमा पछिल्लो तीन दिनमा हृदयाघात भएका सात जना बिरामीको सफल उपचार गरिएको छ। धुलिखेल अस्पतालका मुटुरोग विशेषज्ञ प्राडा राजेन्द्र कोजुका अनुसार तीन दिनको अवधिमा हृदयाघात भएर अस्पताल आएका सातै जनाको एनजिओप्लास्टीमार्फत उपचार गरिएको हो।

"अहिले गाउँदेखि सहरसम्म र युवा उमेरदेखि ज्येष्ठ नागरिकसम्म हृदयाघातको समस्या देखिन थालेको छ। महिलामा समेत हृदयाघात बढ्दो छ," उहाँले भन्नुभयो। छाती दुखेपछि तत्काल स्वास्थ्य संस्थामा पुग्नु पर्छ भन्ने जनचेतना बढेकाले समयमै अस्पताल ल्याइएका बिरामीको उपचार सफल भएको उहाँले बताउनुभयो। धुलिखेल अस्पतालको तथ्याङ्कले मुटुको रक्तनलीसम्बन्धी उपचार सेवा लिने बिरामी बढ्दै गएको देखाएको छ। अस्पतालमा सन् २०२१ मा ६० जनाको एनजिओग्राफी र नौ जनाको एनजिओप्लास्टी गरिएको थियो। सन् २०२२ मा २४४ जनाको एनजिओग्राफी र ३९ जनाको एनजिओप्लास्टी गरिएको थियो।त्यस्तै सन् २०२३ मा ३५४ जनाको एनजिओग्राफी र ७९ जनाको एनजिओप्लास्टी तथा सन् २०२४ मा ३०९ जनाको एनजिओग्राफी र ८१ जनाको एनजिओप्लास्टी गरिएको अस्पतालले जनाएको छ।

# तीन स्थानीय तहबाट जग्गा प्रशासन सेवा

**बनेपा समाचारदाता**
*बनेपा, भदौ २९ गते*

काभ्रेपलाञ्चोक जिल्लाका तीन स्थानीय तहले स्थानीयस्तरबाटै जग्गा प्रशासन सेवा सुरु गरेका छन्। भुम्लु र रोसी गाउँपालिका तथा नमोबुद्ध नगरपालिकाले साबिकमा मालपोत र नापी कार्यालयबाट प्रदान हुँदै आएको जग्गा प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाटै सुरु गरेका हुन्।

काभ्रेपलाञ्चोकमा १३ वटा स्थानीय तह छन्। पहिलो चरणमा रोसी र भुम्लु गाउँपालिकाले वैशाख १० गतेको मन्त्रीस्तरीय बैठकको निर्णय अनुसार असारको दोस्रो सातादेखि स्थानीय तहबाटै जग्गा प्रशासनसम्बन्धी सेवा सुरु गरेका थिए। दोस्रो चरणमा छनोट भएका चार स्थानीय तहमध्ये नमोबुद्ध नगरपालिकाले भदौ २४ गते बुधबारदेखि सेवा सञ्चालनमा ल्याएको हो।

नमोबुद्ध नगरपालिकाका प्रमुख कुन्साङ लामाले स्थानीय तहबाट जग्गा प्रशासन सेवा सुरु भएपछि जग्गा कित्ताकाट, नक्सा बनाउने, जग्गा पासलगायतका सेवा लिन सदरमुकाम धुलिखेल पुग्नुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभयो। स्थानीयस्तरमै नगरवासीलाई जग्गासम्बन्धी सेवा छिटो, सरल र सहज रूपमा उपलब्ध गराउने उद्देश्यले सेवा सुरु गरिएको उहाँले बताउनुभयो।

नापी कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख नापी अधिकृत अशोक भुसालका अनुसार पहिलो चरणमा रोसी र भुम्लु गाउँपालिकामा सेवा सुरु गरिएको थियो। दोस्रो चरणमा छनोट भएका स्थानीय तहमध्ये नमोबुद्धले सेवा सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो। "दोस्रो चरणमा नमोबुद्ध, पनौती र मण्डनदेउपुर नगरपालिका तथा चौँरीदेउराली गाउँपालिका छनोट भएका थिए। नमोबुद्धले गत बुधबारदेखि सेवा सुरु गरेको छ," प्रमुख नापी अधिकृत भुसालले भन्नुभयो। उहाँका अनुसार पनौती र मण्डनदेउपुर नगरपालिकाले सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन, पूर्वाधार तथा उपकरणको व्यवस्थापन र जडानको काम अघि बढाएका छन्। चौँरीदेउराली गाउँपालिकाले भने जग्गा प्रशासन सेवा सञ्चालनका विषयमा नापी कार्यालयसँग समन्वय नगरेको उहाँले बताउनुभयो।

स्थानीय तहमा जग्गा प्रशासन सेवा सञ्चालन गर्न एक जना नापी अधिकृत, दुई जना सर्वेक्षक, जग्गा प्रशासनतर्फ एक जना अधिकृत र दुई जना सहायकस्तरका कर्मचारी आवश्यक पर्ने नापी कार्यालयले जनाएको छ। स्थानीय तहले प्राविधिक कर्मचारी करारमा नियुक्त गर्न सक्ने तथा प्रशासनतर्फ पालिकामा कार्यरत कर्मचारीलाई जिम्मेवारी दिन सक्ने व्यवस्था रहेको भुसालले बताउनुभयो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय जग्गाको नापनक्सा, कित्ताकाट, हालसाबिक, रजिस्ट्रेसन, नामसारी तथा दाखिल खारेजसम्बन्धी अधिकार स्थानीय तहलाई दिएको छ। ऐनले जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन, नापीनक्सा तथा जग्गाको स्वामित्व निर्धारणमा समन्वय र सहजीकरणलगायतका अधिकार पनि स्थानीय तहलाई दिएको छ।

ऐनमा भएको व्यवस्था अनुसार स्थानीय तहबाटै जग्गा प्रशासन सेवा सुरु गरिएको हो। स्थानीयस्तरमै सेवा उपलब्ध हुन थालेपछि जग्गासम्बन्धी कामका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता हट्नुका साथै सेवाग्राहीको समय र खर्चसमेत बचत हुने अपेक्षा गरिएको छ।

# कटान जोखिमसँगै रोकथामको प्रयास



**सेतीदेवी–मझुवा क्षेत्रमा नारायणी नदीले कटान गरेपछि रोकथामका लागि राखिएका ठुला ढुङ्गा ।**

**शालिग्राम नेपाल**
*चितवन, भदौ २९ गते*

रसुवाको भोटेकोशीमा आएको बाढीपछि त्रिशूली हुँदै नारायणी नदीमा बढेको बहाबले चितवनको पश्चिम दक्षिण क्षेत्रमा नदीको धार परिवर्तन गराउँदै कटानको जोखिम बढाएको छ। नदीले यसअघि कटान नगरेका स्थानमा समेत धार परिवर्तन गरी किनारतर्फ पस्न थालेपछि भरतपुर महानगरपालिकाका विभिन्न नदी तटीय क्षेत्र जोखिममा परेका छन्।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय, भरतपुरले जोखिमयुक्त क्षेत्रमा ठुला ढुङ्गा राखेर तत्कालका लागि नदी नियन्त्रणको प्रयास गरिरहेको छ। आयोजनाका इन्जिनियर शैलेन्द्र विष्टले भरतपुर महानगरपालिका–१७ को मझुवा, वडा नं. १६ को सेतीदेवी र वडा नं. २७ को हिरापुर क्षेत्रमा नदीले अपेक्षा नगरिएको स्थानबाट कटान सुरु गरेपछि तत्काल रोकथामको काम गरिएको जानकारी दिनुभयो।

मझुवामा नारायणी नदीले करिब तीन सय मिटर क्षेत्रमा कटान गरेको छ। नदी करिब २५ देखि ३० मिटर भित्री भागसम्म पसेर कटान गरेपछि बस्ती तथा आसपासका क्षेत्र जोखिममा परेका छन्। कटान रोक्न हालसम्म ३८ ट्रिप ठुला ढुङ्गा ल्याएर राखिएको र केही ढुङ्गा नदीमै हालेर मुख्य धारको वेग कम गर्ने प्रयास भएको आयोजनाले जनाएको छ।

आयोजना प्रमुख डा. नारायण सुवेदीले वर्षायाममा ठुलो परिमाणमा ढुङ्गा व्यवस्थापन गरेर जोखिम तत्कालका लागि घटाइएको जानकारी दिनुभयो। नदीले निरन्तर कटान गरिरहे पश्चिम चितवनलाई नै दुई भागमा विभाजन गर्ने अवस्था आउन सक्ने भएकाले दीर्घकालीन रूपमा नदी नियन्त्रणको काम गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

"यस वर्ष यसरी नारायणी नदीको प्रभाव पर्छ भन्ने सोचेका थिएनौँ। नदी नियमित रूपमा बग्ने स्थानभन्दा फरक धारबाट बग्न थालेपछि कटान सुरु भएको हो," इन्जिनियर विष्टले भन्नुभयो। सेतीदेवीको वन क्षेत्र तथा मझुवाको वन क्षेत्रमा समेत नदीले कटान गरेको छ। तत्काल ठुला ढुङ्गा राखेर कटान रोक्ने प्रयास गरिए पनि पूर्ण रूपमा सुरक्षित भइसकेको अवस्था नरहेको आयोजनाले जनाएको छ। रसुवाको बाढीले ठुलो मात्रामा लेदो, ढुङ्गा, बालुवा तथा अन्य सामग्री बगाएर ल्याएका कारण नदीको बहाब र धारमा परिवर्तन आएको प्राविधिकहरूको भनाइ छ।

मझुवा क्षेत्रमा करिब तीन सय मिटर र सेतीदेवी क्षेत्रमा समेत नदी किनार कटान भएपछि नदी बस्तीको दिशातर्फ पस्ने जोखिम बढेको थियो। समयमा नै रोकथामको काम गरिएकाले तत्कालको जोखिम टरे पनि नदीको दबाब कायमै रहेको डा. सुवेदीले बताउनुभयो। उहाँका अनुसार नारायणी नदीको पश्चिम चितवनतर्फ अझै करिब साढे १० किलोमिटर क्षेत्रमा नदी नियन्त्रणको काम गर्न बाँकी छ। यसअघि जोखिम पहिचान गरिएका तथा काम हुन बाँकी रहेका स्थानमा दीर्घकालीन संरचना निर्माणका लागि प्रक्रिया अघि बढाइएको छ। मझुवा तथा आसपासका क्षेत्रमा नदी नियन्त्रणका लागि यसअघि नै ठेक्का लगाइएको छ। करिब आठ करोड २४ लाख ६७ हजार रुपियाँमा पशुपति निर्माण सेवा प्रालिले ठेक्का पाएको र २०८४ जेठ २५ गतेसम्म काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नदी नियन्त्रणका लागि बिग बोल्डरसँगै आरसिसी प्रोकुपाइनलगायतका संरचना निर्माण गर्ने तयारी गरिएको छ तर बर्खायाममा नदीको बहाब उच्च रहेकाले स्थायी संरचना निर्माणभन्दा तत्कालका लागि आपत्कालीन रोकथामलाई प्राथमिकता दिइएको आयोजनाले जनाएको छ।

यसअघि पनि नारायणी नदीको कटानबाट मझुवा क्षेत्र प्रभावित हुँदै आएको थियो तर रसुवाको बाढीपछि नदीमा आएको लेदो तथा बाढीजन्य सामग्रीका कारण बहाबको प्रकृति नै फरक देखिएको प्राविधिकहरूको भनाइ छ। भदौ १० गते रसुवामा आएको बाढीपछि नारायणीको बहाब बढ्ने र धार परिवर्तन हुन सक्ने भन्दै नदी किनारका बस्तीलाई उच्च सतर्कता अपनाउन आग्रहसमेत गरिएको थियो।


**Mahalaxmi Municipality**
**Office of the Municipal Executive**
**Kamalpokhari, Lalitpur**
**Bagmati Province, Nepal**

**Notice for the Letter of Intent (LOI)**

**First date of publication: 30th Bhadra, 2083 (15th September, 2026)**

This is to notify to all concerned bidders that, it is our intention to award the below mentioned contract to the following bidder (substantially responsive) with bid price closet to the average bid of all substantially responsive bids. Corresponding Substantially Responsive Bids is selected in accordance with ITB 38.1 of bidding document and this notice is published as per PPA 2063 clause 27.1 & 27.2.

| S. No. | Name of Contract | Contract Identification No. | Substantially Responsive Evaluated Bidders | Bid Amount including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | Siddhipur Chihandnda Conservation and Park Development, Mahalaxmi-6, Siddhipur | Mahalaxmi/W/ NCB/46/2082/83 | M/S N.G.S Construction engineering and Suppliers Pvt. Ltd, Kathmandu | 45,28,624.81 |
| 2. | Construction of Community Multipurpose Building at Bhagavatisthan | Mahalaxmi/W/ NCB/47/2082/83 | M/S Thakur Devi B.M.J. Construction, Kathmandu | 35,00,183.05 |

**Chief Administrative officer**

**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Federal Roads Supervision and Monitoring Office, Kathmandu**
**Road Division Hetauda**
**Makwanpur**

**Invitation for Bids**

**Tender Notice Number: 04-2083/084**
**Date of Publication: 2083/05/30 (September 15, 2026)**

1. Road Division Hetauda invites Sealed Bids (Hard Copy) from eligible bidders for following works:

| S. N. | Contract ID | Work Descriptions & Site | Est. Amount (Without VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period/ Bid Security Validity Period | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | RDHTD/ 33701136/ 2083/084-21 | Road and Traffic Safety Works along Hetauda-Sarashwati Khola-Lothar Section of MRM (NH01), Makwanpur | 86,20,502.07 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |
| 2 | RDHTD/ 33701136/ 2083/084-22 | Road and Traffic Safety Works along Pathlaiya-Chure Section of MRM (NH01), Bara | 86,19,567.37 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |
| 3 | RDHTD/ 33701136/ 2083/084-23 | Road and Traffic Safety Works along Hetauda-Samari-Bhainse-Lamidanda Section of TRP (NH41), Makwanpur | 86,19,380.44 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |
| 4 | RDHTD/ 33701136/ 2083/084-24 | Road and Traffic Safety Works along Chure-Ratmate-Hetauda Section of MRM (NH01), Makwanpur | 86,20,274.14 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |
| 5 | RDHTD/ 33701136/ 2083/084-25 | Road and Traffic Safety Works along Lamidanda-Simbhanjyang-Palung-Tistung-Sopyang(DB) Section of TRP (NH41), Makwanpur | 86,16,869.06 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |

2. Information to deposit the cost of Bidding Document & Bid Security in the bank:

| Office Name | District Treasury Controller Office (Ko. Le.Ni.Ka.) Hetauda, Makwanpur | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nepal Bank Limited, City Office, Hetauda | All | Sep 28, 2026 (2083/06/12) Time: 11:00 A.M. | Oct 08, 2026 (2083/06/22) Time: 12:00 P.M. | Oct 08, 2026 (2083/06/22) Time: 13:00 P.M. |
| Rajaswa khata No. | 00101000000001001001 | | | | |
| Rajaswa shirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 02501000002003000001 | | | | |
| Office code No.: - | 337013201 | | | | |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Whereas under the Single Stage, Single Envelope Procedure, Bidders are required to submit mandatory documents and price bid in one Sealed Envelope as per the provision of ITB 18 of the Bidding Document.
4. A complete set of Bidding Documents shall be purchased from Road Division, Hetauda by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee in the account as specified above till 2083/06/21 [S.No.:(1-5)] during office hours or Eligible Bidders can also download the Bidding Documents from the Website of Road Division Hetauda i.e. www.dor.gov.np/hetauda
5. Sealed bids (Hard Copy) must be submitted to Road Division, Hetauda on or before 12:00 Hrs. on 2083/06/22 [S.No.:(1-5)]. Bids received after this deadline will be rejected.
6. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders must submit Bid Security along with the Technical Bid as mandatory document.
8. Eligible Bidders may obtain further information at Road Division, Hetauda (Tel: 057-520311, email: roaddivisionhetauda@gmail.com).

**Division Chief**